## सम्बन्ध विच्छेद भनेको के हो?

सम्बन्ध विच्छेद भनेको लोग्ने र स्वास्नी बीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम विच्छेद गरिनु हो। यसलाई अर्को भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ। लोग्ने र स्वास्नी बीचको नाता कुनै पनि परिस्थितिमा टुट्न पनि सक्दछ।

## सम्बन्ध विच्छेदपछि स्वास्नी मानिसले प्राप्त गर्ने कानूनी अधिकारहरु :-

लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा स्वास्नीलाई अंश भाग दिएपछि मात्रै सम्बन्ध विच्छेद गर्न सकिन्छ। यसरी अंश लिई सकेपछि स्वास्नी मानिसले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति सम्बन्ध विच्छेद गरेको लोग्नेलाई फर्काउनु पर्दैन। यसरी अंश वापत प्राप्त चल अचल सम्पत्ति महिलाले आफूखुशी गर्न सक्छिन्।

सम्बन्ध विच्छेदका निम्ति मुद्दा दर्ता गरेकी स्वास्नीलाई लोग्नेले अंश नपाउन्जेल सम्मका लागि मासिक रुपमा माना चामल खर्च भराउनु पर्दछ।

सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो वापत लोग्नेसँग वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा लोग्नेको सम्पत्ति वा आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ।

## स्वास्नी मानिसले सम्बन्ध विच्छेद कहिले गर्न सक्छिन्?

- ❖ लोग्नेले अर्की स्वास्नीमानिससँग विवाह गरेमा,
- ❖ लोग्नेले स्वास्नीलाई घरबाट खान लाउन वा बस्न नदिई घरबाट निकालेमा,
- ❖ लोग्नेले ३ वर्ष वा सोभन्दा बढी समयसम्म स्वास्नीलाई कुनै हेरविचार वा खोज खबर नगरी अलग बसेमा,
- ❖ यदि उसको लोग्नेले ज्यान जाने गरी अंगभंग हुने वा कुनै ठूलो शारीरिक तथा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
- ❖ लोग्ने नपुंसक भएमा,
- ❖ लोग्नेलाई निको नहुने गरी यौन रोग लागेमा,
- ❖ लोग्नेले परस्त्रीसँग करणी गरेको प्रमाणित भएमा, वा लोग्नेले श्रीमतीलाई जवर्जस्ती करणी गरेको ठहरेमा, लाग्ने स्वास्नी दुवैको मंजुरीमा सम्बन्ध विच्छेद गर्न सकिन्छ।

## लोग्ने मानिसले कहिले सम्बन्ध विच्छेद गर्न सक्दछ?

- ❖ स्वास्नीले लोग्नेको मंजुरी नलिई लगातार ३ वर्ष वा सो भन्दा बढी समयदेखि अलग बसेमा,
- ❖ स्वास्नीले लोग्नेको ज्यान मार्ने अंगभंग हुने वा कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा प्रपंच गरेमा।

## लोग्ने स्वास्नी बीचको सम्बन्ध कहिले स्वतः बदर हुन्छ?

- ❖ स्वास्नीले आफ्नो लोग्नेदेखि बाहेक अर्को लोग्ने मानिससँग शारीरिक सम्बन्ध राखेको प्रमाणित भएमा वा अर्कोसँग विवाह गरेमा,
- ❖ लोग्नेदेखि बाहेक अर्को लोग्ने मानिससँग शारीरिक सम्बन्ध राखेको छु भनी स्वास्नीले आफैं अड्डामा सावित भएमा, हाडनाता विवाह भएकोमा (आफ्नो जातजाति रीतिमा छुट छ भने यस्तोमा विवाह बदर हुँदैन।)

## सम्बन्ध विच्छेदपछि छोराछोरी कोसँग बस्न पाउँछन्?

- ❖ नाबालक सन्तान छ भने आमाले आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन्।
- ❖ आमा-बाबु दुवैको सहमति भएमा बालबच्चालाई संयुक्त संरक्षणमा आलोपालो गरेर राख्न पनि सक्छन्।
- ❖ आमाले बच्चा पालेको छ भने बाबुले खर्च व्यहोर्नु पर्दछ। यदि बाबुले बच्चा पालेको छ र बाबुको आम्दानीभन्दा आमाको आम्दानी बढी छ भने सम्बन्ध विच्छेद भएकी स्वास्नीले पनि बच्चाको खर्च व्यहोर्नुपर्छ।
- ❖ बच्चा जसको संरक्षणमा रहने भएता पनि दुवैले (आमाबाबु) बच्चालाई भेटघाट गर्ने सुविधा पाउँदछन्।

## यदि सम्बन्ध विच्छेदपछि बच्चा जन्मेमा के हुन्छ?

- ❖ यदि सम्बन्ध विच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा सो बच्चा सम्बन्ध विच्छेद भएकै लोग्नेको मानिन्छ।
- ❖ त्यसैले याद राख्नोस् सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्दा महिला आफू गर्भवती भए नभएको कुरा फिरादमा उल्लेख गर्नु पर्दछ।
- ❖ यदि सम्बन्ध विच्छेद भएको २७२ दिनपछि बच्चा जन्मिएमा सो बच्चा अघिल्लो लोग्नेले मेरो होइन भन्छ भने निजले नै सो बच्चाको बाबु को हो भन्ने प्रमाणित गर्नु पर्दछ।

## सम्बन्ध विच्छेदका निम्ति उजुर गर्न कहाँ जानु पर्दछ?

- ❖ यदि स्वास्नीमानिसले सम्बन्ध विच्छेद गर्न चाहेमा सम्बन्धित जिल्लाको जिल्ला अदालतमा जानु पर्दछ।
- ❖ यदि लोग्ने मानिसले सम्बन्ध विच्छेद गर्न चाहेमा सम्बन्धित गा.वि.स. वा नगरपालिकामा निवेदन दिनु पर्दछ।
- ❖ यदि लोग्ने स्वास्नी दुवैको मंजुरी भई सम्बन्ध विच्छेद गर्न चाहेमा संयुक्त रुपमा दुवै जना गा.वि.स. वा नगरपालिकामा गई निवेदन दिनु पर्दछ भन्ने कानूनमा व्यवस्था भएता पनि यसलाई छिटो र छरितो बनाउन व्यवहारमा पहिला स्वास्नी मानिसले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिने गरिन्छ र भोलिपल्टै लोग्नेको तर्फबाट

प्रतिउत्तर दिई तुरुन्तै दुवै पक्षलाई उपस्थित गराई दुवैको मंजुरी बुझी सम्बन्ध विच्छेद गर्ने गरिन्छ ।

## यो पनि थाहा पाइराख्नोस्

- हुन त पति पत्नीसँग आ–आफ्नो स्वनिर्णयमा सम्बन्ध विच्छेद गर्ने कानूनी अधिकार हुन्छ, तर सम्बन्ध विच्छेदपछि प्रायः स्वास्नी मानिसको सामाजिक, आर्थिक जीवन धेरै कष्टकर हुने गरेको सन्दर्भमा विवाह गर्नुभन्दा अघि नै विवाहपछि आइपर्न सक्ने समस्याहरुको भौतिक र मानसिक रुपमा सामना गर्न सक्ने भएर मात्रै विवाह गर्नु उचित हुन्छ ।
- आफ्ना छोरीहरुलाई स्वस्थ, शिक्षित र आत्मनिर्भर बनाएर हुर्काउने दायित्व सबै अभिभावकको हुने गर्दछ । कथंकदाचित सम्बन्ध विच्छेद गर्ने अवस्था आइपरेमा पढेका र उमेर पुगेका महिला अलपत्र पर्ने अवस्था आउँदैन । त्यसैले आफ्ना छोरीहरुलाई राम्ररी पढाएर र उमेर पुगेर मात्रै विवाह गरिदिनु पर्दछ ।
- कानूनले विवाह गर्न तोकेको उमेर अनुसार विवाह गर्दा आमा बाबु वा परिवारको मंजुरी भएमा दुवै केटा केटीको उमेर १८ वर्ष र आफुखुशी गर्दा दुवैको उमेर २० वर्ष पुगेको हुनु पर्दछ र कोर्ट म्यारीज गर्न २० वर्ष पुगेको हुनुपर्छ ।

Supported by a grant from

KIOS
THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुनः प्रकाशित - (USAID | The Asia Foundation)

LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागि:

**सम्पर्क ठेगाना**

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४


ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np

### ल्याक महिला हक हेल्प लाईन

- झापा, चन्द्रगढी बस स्टप, कृषि विकास बैंक अगाडि
  फोन: ०२३-४५६४२३
- जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
  फोन: ०४१-५२४२४९
- कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
  फोन: ०६१-४६४३९८
- बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
  फोन: ९८४८०२३५९९, ९८४८०५५८४२
- सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोन: ०८३-५२०५१०
- महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोन: ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# सम्बन्ध विच्छेद



## जवर्जस्ती करणी भनेको के हो?

कुनै पनि लोग्ने मानिसले आफ्नो यौन ईच्छा पूरा गर्न नाबालिकाको हकमा मंजुरी लिई वा मंजुरी नलिई र उमेर पुगेका महिलाको मंजुरी नलिई, डर, धाक, धम्की जवर्जस्तीसँग अनुचित यौन कार्य गरेमा त्यसलाई जवर्जस्ती करणी भनिन्छ। साधारण बोलचालको भाषामा यसलाई बलात्कार भनिन्छ।

## निम्न अवस्थाहरूमा महिलामाथि जवर्जस्ती यौन सम्बन्ध राखेमा त्यसलाई जवर्जस्ती करणी भएको मानिन्छ :–

क) नाबालिक बालिकालाई निजको मंजुरी लिएर यौन कार्य गरेको भएता पनि त्यसलाई जवर्जस्ती करणी गरेको ठहर्छ।

ख) सधवा वा विधवा महिलालाई निजको मंजुरी नलिई जवर्जस्ती यौन कार्य गरेमा त्यसलाई जवर्जस्ती करणी गरेको ठहर्छ।

ग) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन।

घ) योनीमा लिंग केहीमात्र प्रवेश भएको रहेछ भने पनि यसलाई जबर्जस्ती करणी गरेको मानिने छ।

ङ) डर, धाक धम्की वा जोरजुलुम गरी अनुचित प्रभावमा पारि मंजुरी लिएर करणी गरेको रहेछ भने पनि जवर्जस्ती करणी गरेको ठहर्छ।

## जबर्जस्ती करणी गर्नेलाई कस्तो सजायँको व्यवस्था गरिएको छ?

❖ १० वर्षभन्दा कम उमेरका बालिकालाई जवर्जस्ती करणी गरेमा त्यस लोग्ने मानिसलाई १० वर्षदेखि १५ वर्षसम्म कैद सजायँ हुन्छ।

❖ १० वर्ष वा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिकालाई जवर्जस्ती करणी गरेमा त्यस लोग्ने मानिसलाई ८ वर्षदेखि १२ वर्षसम्म कैद सजायँ हुन्छ।

❖ १४ वर्षभन्दा माथि र १६ बर्षभन्दा कम उमेरकी बालिकालाई जवर्जस्ती करणी गरेमा त्यस लोग्ने मान्छेलाई ६ बर्षदेखि १० बर्षसम्म कैद सजायँ हुन्छ।

❖ १६ बर्षभन्दा बढी र २० बर्षभन्दा कम उमेरकी महिलालाई जवर्जस्ती करणी गरेमा त्यस लोग्ने मान्छेलाई ५ बर्षदेखि ८ बर्षसम्म कैद सजायँ ह□न्छ।

❖ २० बर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जवर्जस्ती करणी गरेमा त्यस लोग्नेमान्छेलाई ५ बर्षदेखि ७ बर्षसम्म कैद सजायँ हुन्छ।

❖ सामूहिक जवर्जस्ती करणी गरेमा, गर्भवती महिला, असक्त वा अपाङ्ग महिलालाई जवर्जस्ती करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायँमा थप ५ वर्ष कैद सजायँ हुन्छ।

❖ कसैले कुनै नाबालकसँग अप्राकृतिक यौन मैथुन गरेमा जवर्जस्ती करणी गरे सरह मानेर जवर्जस्ती करणीमा उमेर अनुसार हुने सजायँमा थप १ वर्ष सजायँ हुन्छ। यसका साथै यस्तो अपराधबाट पीडित नाबालकको उमेर र परेको मर्कालाई विचार गरी अदालतले अपराधीबाट क्षतिपूर्ति भराई दिन्छ।

❖ आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजेटिभ) को रोग भएको थाहा पाउँदा पाउँदै कसैले जर्वजस्ती करणी गरेको रहेछ भने त्यस्तो कसुरदारलाई माथि उल्लेख भएको सजाँयमा थप १ बर्ष कैद सजायँ हुन्छ

❖ लोग्नेले स्वास्नीलाई जवर्जस्ती करणी गरेमा ३ महिनादेखि ६ महिनासम्म कैद सजायँ हुन्छ।

❖ जवर्जस्ती करणी गरेको प्रमाणित भएमा करणी गर्ने लोग्ने मानिसलाई कैद, सजायँ, जरिवाना तथा निजको सम्पत्तिबाट आधा सम्पत्ति क्षतिपूर्ति स्वरुप पीडित महिलाले प्राप्त गर्दछ।

❖ कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा,

– चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा,

– आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा,

– होस ठेगानमा नरहेकी वा शारिरीक वा मानसिक रोग लागी उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा,

यस प्रकारको अपराध गर्नेलाई १ बर्षदेखि ३ बर्षसम्म कैद हुनेछ। त्यस्तो कार्य गर्दा यस ऐन वा अन्य कानून अनुसार पनि सजायँ हुने रहेछ भने सो सजायँ समेत थप हुनेछ।

## मतियारलाई पनि सजायँको व्यवस्था :–

जवर्जस्ती करणी गर्ने कुरा थाहा पाई हूल गरी जाने, समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन वर्ष कैद सजायँ र पीडित १६ वर्षमुनीको रहेछ भने दोब्बर सजायँ हुन्छ।

❖ कसैले कुनै महिलालाई जवर्जस्ती करणी गरेमा अदालतले त्यस्ती महिलालाई भएको शारिरीक वा मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भईसकेको रहेछ भने निजमा आश्रित नाबालक छोरा छोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ।

❖ यस्तो मुद्दाको फैसला गर्दा जवर्जस्ती करणी ठहर गरेकोमा सोहि फैसलामा यस महल बमोजिम कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ। क्षतिपूर्ति भराउने प्रयोजनका लागि यस अर्न्तगतको मुद्दा दायर भए लगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ।

## आफ्नो हाडनाताभित्र करणी गरेमा के हुन्छ?

आफ्नो हाडनाताभित्र करणी गरेमा नाता अनुसार २० वर्षसम्म कैद र रु १०,०००/- सम्म जरिवाना हुन्छ।

## जबर्जस्ती करणी गर्ने व्यक्तिलाई पीडित महिलाले मारेमा के हुन्छ?

यदि कुनै पनि महिलाले आफुलाई जवर्जस्ती करणी गरेकै कारणले करणी गरेको १ घण्टाभित्रमा करणी गर्ने व्यक्तिलाई मारेमा निज महिलालाई सजायँ हुँदैन। तर १ घण्टापछि मारेमा निज पीडित महिलालाई १० वर्षसम्म कैद र रु ५०००/- सम्म जरिवाना हुन्छ।

## अदालती कार्यवाही सम्बन्धमा कानूनले विशेष व्यवस्था गरेकोछ :–

**(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासको व्यवस्था :–**
यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन्।

**(ख) पीडितको बयानमा विशेष व्यवस्था :–**
जवर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाको रोहबरमा अन्य कर्मचारीले बयान गराउनु पर्दछ।

## जवर्जस्ती करणीमा कहाँ उजुरी गर्नुपर्दछ?

यदि कसैलाई जवर्जस्ती करणी (बलात्कार) गरेमा जबर्जस्ती करणी हुनासाथ वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी गर्नुपर्दछ।

## जवर्जस्ती करणीमा कहिले उजुरी गर्नुपर्दछ?

सकेसम्म तुरुन्तै उजुरी गर्नुपर्दछ नभएमा जवर्जस्ती करणी भएको ३५ दिनभित्रमा उजुरी दिइसक्नु पर्दछ, नत्रभने उजुरी लाग्दैन ।

## जवर्जस्ती करणीमा कसले उजुरी गर्न सक्दछ?

जवर्जस्ती करणीमा पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ ।

## जवर्जस्ती करणी भएमा तुरुन्तै के गर्नु पर्दछ?

❖ बलात्कार हुँदा लगाएको लुगा, कट्टु र यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन् । उक्त कपडाहरु खोलेर सुरक्षित राख्ने ।
❖ तुरुन्तै नजिकको प्रहरी चौकी, महिला सेलमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने ।
❖ प्रहरीलाई लिएर तुरुन्तै डाक्टरी परीक्षणका निम्ति अस्पताल जाने, जबर्जस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउने, बलात्कारमा डाक्टरी रिपोर्ट महत्वपूर्ण हुन्छ ।
❖ तुरुन्तै महिला हक हेल्पलाईनमा सम्पर्क गर्नोस् । हामी तपाईका कानूनी समस्या समाधान गरिदिन सहयोग गर्छौं ।

## जवर्जस्ती करणीका निम्ति सावधानीका के कस्ता उपायहरू अपनाउनु पर्दछ?

❖ अति घनिष्ठ पुरुषसँगको मैत्री सम्बन्धबाट होशियार रहनुहोस् ।
❖ आफ्नो व्यक्तिगत विवरण जस्तैः नाम, ठेगाना, अपरिचित व्यक्तिहरु विशेष गरी ब्लफ कल गर्नेहरुलाई नदिनुहोस् ।
❖ अन्धकारमय क्षेत्रमा हिंड्दा होशियार भई हिंड्नोस्, सकेसम्म एक्लै नहिंड्नोस् ।
❖ जोसुकैले दिएको खानेकुरा नखानोस् वा पेय पदार्थ नपिउनोस् र उपहार नलिनोस् ।
❖ पुरुष साथीले घुम्न जाऊँ भन्दैमा जतातते एक्लै घुम्न नजानोस्

## यो पनि थाहा पाइराख्नोस्

♦ धेरैजसो बालबालिका र किशोर किशोरीहरुमाथि यौन शोषण गर्ने व्यक्ति प्रायः आफ्नै नजिक सम्बन्धका व्यक्तिहरु हुने गर्छन् ।
♦ आफूमाथि कसैले यौन शोषण गरिरहेको छ भने त्यो कुरा लुकाउनु हुँदैन । आफ्नो विश्वासका साथी अथवा अभिभावकलाई भनिहाल्नु पर्दछ ।
♦ कसैले बलात्कार गर्न लागेमा कराएर, हल्ला गरेर अरुको ध्यान आकर्षण गरिहाल्नु पर्दछ ।
♦ बलात्कारबाट पीडित महिलालाई सकारात्मक सहयोग गरौं र बलात्कारीलाई सजायँ दिलाउने हिम्मत गरौं ।

Supported by a grant from KIOS THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुनः प्रकाशित - (USAID | The Asia Foundation)

LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागिः

**सम्पर्क ठेगाना**

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोनः ५५४३१११, ५५४२९९९, फ्याक्सः ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np

## ल्याक महिला हक हेल्प लाईन

☛ झापा, चन्द्रगडी बस स्टप, कृषि विकास बैंक अगाडि
फोनः ०२३-४५६४२३
☛ जनकपुर, अतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
फोनः ०४१-५२४२४९
☛ कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
फोनः ०६१-४६४३९८
☛ बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
फोनः ९८४८०२३५९९, ९८४८०५५८४२
☛ सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोनः ०८३-५२०५१०
☛ महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोनः ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# जबर्जस्ती करणी

# (बलात्कार)



## बहुविवाह भनेको के हो?

विवाहित लोग्ने मानिसले घरमा एउटी स्वास्नी हुँदाहुँदै अर्की स्वास्नी ल्याएमा वा राखेमा यसलाई बहुविवाह भनिन्छ । बहुविवाह महिलाहरुप्रति गरिने हिंसा हो । यसरी लोग्ने मानिसले बहुविवाह गरेपछि महिलामाथि विभिन्न प्रकारका शारीरिक तथा मानसिक यातना हुनुका साथै बालबालिकाहरु समेत पीडित हुने गर्दछन् ।

## लोग्नेमानिसले कुन अवस्थामा कानूनी रूपले बहुविवाह गर्न सक्दछः

(क) स्वास्नी निको नहुने गरी यौन सम्बन्धी कुनै सरुवा रोगबाट पीडित भएमा,

(ख) स्वास्नी निको नहुने गरी बौलाहा भएमा,

(ग) स्वास्नी दुवै आँखा नदेख्ने गरी अन्धी भएमा,

(घ) स्वास्नी हिंड्डुल गर्न नसक्ने गरी कुँजी भएमा,

(ङ) स्वास्नीले लोग्नेबाट अंशभाग लिई भिन्न बसेमा,

(च) लोग्नेसँग स्वास्नीले सम्बन्ध विच्छेद गरेमा ।

**तर लोग्ने मान्छेले अर्की श्रीमती विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिई भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा स्वास्नीको सहमती लिनु पर्नेछ ।**

## बहुविवाह गरेमा के कति सजायँ हुन्छ?

घरमा स्वास्नी हुँदाहुँदै लोग्नेले अर्की स्वास्नी ल्याएमा त्यसरी ल्याएकी दोस्री (कान्छी) स्वास्नीको विरुद्धमा प्रहरीमा उजुरी दिनुपर्दछ । यसरी उजुरी दिएमा लोग्ने र कान्छी (सौता) दुवैलाई सजायँ हुन्छ । यस्तोमा दुवैलाई १ वर्षदेखि ३ वर्षसम्म कैद र रु ५,०००/- देखि रु २५,०००/- सम्म जरिवाना हुन्छ ।

## बहुविवाहको अपराधमा कसले उजुरी गर्ने?

यस्तो अपराधमा पीडित स्वास्नी आफैंले, छरछिमेक आफन्त जो सुकैले पनि उजुरी दिन सक्दछन् । यस्तो उजुरीलाई जाहेरी दरखास्त भनिन्छ ।

## बहुविवाहको अपराधमा कहाँ उजुरी दिनु पर्दछ?

बहुविवाहको उजुरी आफू बसोबास गरेको ठाउँको नजिकको प्रहरी चौकीमा दिनुपर्दछ ।

## बहुविवाहको अपराधमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?

बहुविवाह भएको थाहा पाएको मितिले ३ महिनाभित्रमा उजुर गर्न जानुपर्दछ ।

## के दोस्रो विवाह बदर गर्न सकिन्छ?

दोस्रो विवाहमा कारवाही भएता पनि बदर गर्न सकिंदैन् ।

## के दोस्री श्रीमतीले अंश पाउन सक्छिन्?

दोस्रो श्रीमतीले (कारवाही भए पनि नभए पनि) पनि पहिली श्रीमतीले जस्तै श्रीमान्को सम्पत्तिबाट बराबर अंश पाउन सक्दछिन् ।

## बहुविवाहपछि के परिणाम हुनसक्दछ?

**श्रीमान्ले बहुविवाह गरेमा पहिली श्रीमतीलेः**

१) लोग्नेलाई सजायँ गराउन सक्छिन्

२) लोग्नेसँग सम्बन्ध विच्छेद गर्न सक्छिन्

३) लोग्नेबाट अंश लिई भिन्न बस्न सक्छिन् ।

## यो पनि थाहा पाइराख्नुस् !

- पत्नीले छोरी छोरी मात्रै जन्माएको अवस्थामा पुरुषले छोरो पाउन बहुविवाह गर्ने गरेका उदाहरण पनि छन् । तर छोरो र छोरी जन्माउने कुरा महिलामा नभएर पुरुषमा निर्भर गर्ने कुरा हो । यसमा महिलाको कुनै भूमिका हुँदैन ।
- सन्तान नभएको निहुँमा पनि पुरुषहरुले पत्नी माथि सौता हाल्ने गरेको पाइन्छ । तर सन्तान नहुनाको कारण पुरुष वा महिला कसैमा पनि रहेको त्रुटि हुन सक्दछ । यसको राम्रो जाँच गराएर उपचार गर्न सकिन्छ ।
- पत्नीमा रहेका प्रजनन् स्वास्थ्य समस्याका कारण यौन असन्तुष्टिवश पुरुषले बहुविवाह गरेका पनि पाइन्छन् । राम्ररी जँचाएर र सल्लाह अनुसारको उपचार गराएमा यौन सम्बन्धी यस्ता समस्याहरु सुल्झिन सक्छन् ।

Supported by a grant from

KIOS
THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुनः प्रकाशित - (USAID | The Asia Foundation)

LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागिः

### सम्पर्क ठेगाना

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोनः ५५४३१११, ५५४२९९९, फ्याक्सः ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np

### ल्याक महिला हक हेल्प लाईन

- झापा, चन्द्रगाडी बस स्टप, कृषि विकास बैंक अगाडि
  फोनः ०२३-४५६४२३
- जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
  फोनः ०४१-५२४२४९
- कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
  फोनः ०६१-४६४३९८
- बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
  फोनः ९८४८०२३५९९, ९८४८०५५८४२
- सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोनः ०८३-५२०५१०
- महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोनः ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# बहुविवाह



कुनै पनि मानिसमाथि कुटपीट हुनु अपराध हो । कुनै पनि कारणले लोग्नेले स्वास्नीमाथि कुटपीट गर्नु हुँदैन । यसरी स्वास्नीलाई कुटपीट गर्ने लोग्नेको विरुद्धमा उजुरी गर्न सकिन्छ । आजभोलि कुटपीट हुने स्वास्नी मानिसले लोग्नेका विरुद्धमा उजुरी गर्न थालिसकेका छन् र प्रहरीले पनि यस्तोमा कारवाही गर्न थालेका छन् ।

## कुटपीट दुई प्रकारका हुन्छन्:

(१) **साधारण कुटपीट:–**
सामान्य चोटपटक हुने कुटपिट ।

(२) **अंगभंग हुने गम्भीर कुटपीट:–**
यो ज्ञानेन्द्रियहरुको शक्तिहरण गरीदिने गम्भीर किसिमको अंगभंग हुने कुटपीट हो । जस्तो आँखा फुटाउनु, हात खुट्टा भाँचिदिनु इत्यादि ।

## उजुरी कहाँ गर्न सकिन्छ?

आफ्नो नजिकको प्रहरी चौकी वा प्रहरी महिला सेल वा जिल्ला प्रहरी कार्यालयमा गई आफूमाथि भएको कुटपीटको बारेमा उजुरी गर्नु पर्छ । यसका साथ-साथै तुरुन्तै डाक्टर वा अस्पतालमा गई जँचाएर घाउ जाँचको प्रमाणपत्र लिनु पर्दछ । जुन प्रमाण पछि मुद्दामा आवश्यक पर्दछ ।

## लोग्नेले कुटपीट गरी बारम्बार दु:ख दिने गरेमा निम्न कानूनी उपचारहरू गर्न सकिन्छ:

❖ लोग्नेसँग सम्बन्ध विच्छेद गर्न सकिन्छ,

❖ लोग्नेका विरुद्ध अंश मुद्दा दिन सकिन्छ,

❖ कुटपीटमा मुद्दा चलाई सजायँ जरिवाना गरी पाऊँ भनी घाउ जाँचको उपचार खर्च समेत प्राप्त गर्न सकिन्छ,

❖ सार्वजनिक ठाउँमा कुटपीट भएको रहेछ भने सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाई थुनामा राख्न वा जरिवाना गराउन सकिन्छ ।

## कुटपीटमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?

(१) साधारण कुटपीट भएमा कुटपीट भएको ३५ दिनभित्र तुरुन्तै नजिकैको प्रहरी चौकी, प्रहरी महिला सेल, जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

(२) अंगभंग हुने गरी कुटपीट भएमा ३ महिनाभित्र प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

(३) सार्वजनिक ठाउँमा अपराध गरेकोमा उजुरी दिंदा अपराध भए गरेको मितिले ७ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्दछ ।

## कुटपीटबाट बच्न के कस्ता उपायहरू अपनाउन सकिन्छ?

❖ आफू र आफ्ना बालबच्चाहरुलाई सधैं घरेलु हिंसा वा झैझगडाबाट सुरक्षित राख्न सजग हुनोस् ।

❖ आफूमाथि बारम्बार हुने कुटपीटका बारेमा आफन्त, छिमेकी वा नातेदारलाई घरायसी झगडा वा आपसी मामला भनी नलुकाउनोस् ।

❖ आफूमाथि कुटपीट हुन थालेपछि आफन्त, छिमेकी वा नातेदारले सुन्ने गरेर गुहार माग्नोस् वा आफूलाई कुटपीटबाट बचाउन भाग्ने कोशिश गर्नोस् ।

❖ आफ्ना अति आवश्यक चिजवस्तुहरु जस्तै: नागरिकता, विवाहदर्ता कागज, जन्मदर्तापत्र, रुपैयाँ, पैसा, गरगहनाहरु छुट्टै राख्नोस्, जसलाई आफूमाथि कुटपीट भई हतारमा निस्कदा आफूले साथमा लिई जान सकियोस् ।

❖ आफूलाई सहयोग गर्ने महत्वपूर्ण संघ संस्थाहरु तथा प्रहरी कार्यालयका फोन नम्बरहरु सधैं याद राख्नोस् । जस्तै : –
महिला हक हेल्प लाईन :
फोन नं. ५५४३१११ वा ५५४२९९९
प्रहरी महिला सेल नक्साल: –
प्रहरी महिला सेल कालिमाटी, काठमाडौं –
प्रहरीको १००/११०

## कुटपीटमा मिलापत्र गर्न सकिन्छ?

कुटपीटबाट पीडित हुने महिलाले आफूलाई मान्य हुने शर्तहरुमा लोग्नेसँग मिलापत्र गर्न सक्छिन् । यसरी मिलापत्र गर्दा प्रहरीले आफ्नो रोहबरमा आइन्दा श्रीमतीमाथि कुनै पनि प्रकारले कुटपीट नगर्ने भनी कागज गरी सहि छाप गराई मिलापत्र गराउन सक्दछ। यदि यस्तो कागज गरी मिलापत्र गरिसकेपछि पनि फेरी आफूमाथि कुटपीट भएमा तुरुन्तै प्रहरीमा उजुर गर्नु पर्दछ ।

## यो पनि थाहा पाइराख्नुस् :-

प्रजनन् सम्बन्धी कतिपय निहुँमा लोग्नेले स्वास्नीमाथि कुटपीट, हिंसा गर्ने गरेका पाइन्छन् । कुटपीट गर्नु आफैंमा अपराध हो र कुटपीट गरेर समस्या समाधान पनि हुँदैन, त्यसनिम्ति सही ठाउँमा गएर सम्बन्धित व्यक्तिहरुसंग परामर्श, उपचार लिनु पर्दछ ।

Supported by a grant from

KIOS
THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुनः प्रकाशित - (USAID | The Asia Foundation)

LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागि:

**सम्पर्क ठेगाना**

## कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)
## महिला हक हेल्प लाईन


मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।
फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४
ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np

## ल्याक महिला हक हेल्प लाईन

- झापा, चन्द्रगडी बस स्टप, कृषि विकास बैंक अगाडि
  फोन: ०२३-४५६४२३
- जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
  फोन: ०४१-५२४२४९
- कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
  फोन: ०६१-४६४३९८
- बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
  फोन: ९८४८०२३५९९, ९८४८०५५८४२
- सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोन: ०८३-५२०५१०
- महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोन: ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# कुटपिट



## सम्पत्ति भनेको के हो?

कुनै पनि व्यक्तिसँग भएका घर, जग्गा, (अचल सम्पत्ति) रुपैयाँ, पैसा, गहना, गाईवस्तु वा पशुपक्षी (चल सम्पत्ति) आदिलाई सम्पत्ति भनिन्छ ।

## सम्पत्ति कति प्रकारका हुन्छन ?

क) चल सम्पत्ति

चल सम्पत्ति जुन तत्काल दिन लिन तथा लेनदेन गर्न सकिन्छ, जस्तो रुपैयाँ पैसा, गहना, पशुपंक्षी आदि ।

ख) अचल सम्पत्ति

अचल सम्पत्तिमा जग्गा, जमिन, घर आदि पर्दछ जुन लिनु दिनु वा लेनदेन गर्नु परेमा कानूनी प्रावधान पूरा गर्नुपर्छ ।

## महिलालाई कहिलेदेखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ?

महिलालाई जन्मैदेखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ । यो अधिकार महिलालाई मुलुकी ऐनको एघारौं संशोधनले प्रदान गरेको हो ।

## कानून अनुसार महिलाको सम्पत्तिमा कति प्रकारका हक हुन्छन्?

(१) स्त्रीधन

(२) स्त्री अंशधन

## (१) स्त्रीधन

**स्त्रीधन भनेको के हो?**

महिलाले आफ्नो स्वइच्छाले स्वतन्त्रपूर्वक आफूखुस गर्न पाउने धन सम्पतिलाई स्त्रीधन भनिन्छ । जुन सम्पति आफ्नो इच्छा अनुसार भोग चलन गर्न, वेचविखन गर्न, दान बकस गर्न वा इच्छापत्र बनाउन वा कसैलाई वहालमा दिन सक्दछिन्, कसैको मन्जुरी लिइराख्नु पर्दैन यस्तो स्त्रीको स्वामित्व रहेको धन नै स्त्रीधन हो ।

स्त्रीधन अन्तर्गत महिला आफैले कमाएको स्वआर्जनको सम्पति, दाइजो, पेवा, दानवकस अपुतालिबाट प्राप्त सम्पत्तिहरु पर्दछन् ।

❖ **स्वआर्जन के हो ?**

आफ्नो विद्या, बुद्धि, विवेक, ज्ञान, सिप र मेहनतले आर्जेका सम्पतिलाई स्वआर्जन भनिन्छ । जस्तै : ज्यालादारी वा परिश्रम गरेर कमाएको सम्पत्ति आदि ।

❖ **दाइजो के हो ?**

विवाह अघि, विवाह पछि वा विवाहको समयमा आमाबाबु वा माइतीपट्टिका नातागोताले दिएको सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ । यसरी दाइजो दिंदा लिंदा दुवै पक्षले सम्पूर्ण सरससामानहरुको कागज गरी साक्षी समेत राखी लिन दिनु पर्दछ । जसबाट पछि कुनै पनि प्रकारले सम्पत्ति सम्बन्धी विवाद उठेमा दाइजोको सम्पत्ति कानूनी रुपबाट प्रमाणित गर्न सजिलो हुन्छ ।

❖ **पेवा के हो ?**

विवाहको समयमा वा विवाहपछि स्वास्नी मानिसलाई लोग्ने वा लोग्नेपट्टिका नातेदार वा ईष्टमित्रले दिएको चल-अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति महिलाको पेवा सम्पत्ति हो ।

❖ **दान बकस के हो ?**

कसैले दान बकस गरेर दिएको सम्पत्ति महिलाले आफूखुसी प्रयोग गर्न सक्छिन् र त्यस्तो सम्पत्ति अरुलाई बकस दिन वा कसैलाई इच्छाउन सक्छिन्, यसरी इच्छाउँदा महिलाले आफ्नो सम्पत्ति छोरीलाई समेत इच्छापत्र गरेर दिन सक्छिन् ।

यस्तो दाइजो पेवा सम्पत्ति स्वास्नी मानिस मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने सो लिखतै अनुसार हुन्छ, लिखत नभएमा सँगै बसेको छोराछोरी भए छोराछोरीले, यस्ता पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोराले वा अविवाहित छोरीले पाउँदछे ।

## (२) स्त्रीअंश धन :

**स्त्रीअंशधन भनेको के हो?**

सगोलको सम्पत्ति अंशवण्डा हुँदा स्त्रीको भागमा अंश वापत पर्न आउने सम्पति स्त्री अंशधन हो ।

**स्त्री अंशधन महिलालाई निम्न अवस्थामा प्राप्त हुन्छ ।**

१. अविवाहित छोरीको अवस्था

२ विवाहीता श्रीमतीको अवस्था

३. विधवा महिलाको अवस्था र

४ सम्बन्ध विच्छेद गर्दाको अवस्था

१. **अविवाहित छोरीको अवस्था :**

पैतृक सम्पत्तिमा छोरीको जन्मसिद्ध अधिकार हुन्छ, जुन जन्मनासाथ प्राप्त हुन्छ । छोरीले अंश वापत पाएको चल, अचल सबै सम्पत्ति भोगचलन, बेचविखन आफू खुश गर्न सक्दछिन्, कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन ।

२. **विवाहीता श्रीमती (सधवा) अवस्था :**

विवाह पश्चात् विवाहीता श्रीमतीको लोग्नेको सम्पत्तिमाथि पूर्ण अधिकार हुन्छ । लोग्नेले इज्जत आमद अनुसार खान लाउन स्वास्थ्य, शिक्षाको व्यवस्था नगरे जुनसुकै बेला श्रीमती अंश लिई भिन्न बस्न सक्छिन् । त्यसरी अंश वापत प्राप्त गरेको चल अचल सम्पत्ति भोग-चलन, बेचविखन गर्न कोही कसैको मन्जुरी लिई राख्न पर्दैन आफूखुस गर्न सक्दछिन् ।

३. **विधवा महिलाको अवस्था :**

विधवा महिलाले चाहेमा जहिलेसुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन् । त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाले जुनसुकै प्रकृयाले भोग चलन गर्न, बेचविखन गर्न, दान, दातव्य गरी दिन कोही कसैको मन्जुरी लिईराख्नु पर्दैन आफ्नो खुस गर्न सक्छिन् । (लोग्ने तथा उमेर पुगेका छोरा छोरीहरुको मन्जुरी लिई राख्नु पर्दैन) ।

४) **सम्बन्ध विच्छेदी महिलाको अवस्था :**

लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा स्वास्नीले अंश लिएरमात्रै सम्बन्ध विच्छेद हुने व्यवस्था मुलुकी ऐन एघारौं संशोधनले गरेको छ । यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफूसँगै लान पाउँछिन्, पहिलो लोग्नेलाई फर्काउनु पर्दैन । यस्तो चल, अचल सबै सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछिन् ।

**यो पनि थाहा पाइराख्नुस् :**

- ❖ सम्पत्ति माथिको अधिकारले महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने मात्र होइन, कुनै पनि विषयमा आफ्ना निम्ति सही निर्णय लिनसक्ने आत्मबल पनि प्रदान गर्दछ ।
- ❖ सक्षम र सबल महिलाले नै आफ्नो अधिकारको सुरक्षा गर्न सक्दछन् ।

Supported by a grant from

KIOS
THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुन: प्रकाशित - (USAID | The Asia Foundation)

LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागि:

**सम्पर्क ठेगाना**

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np

**ल्याक महिला हक हेल्प लाईन**

- ☛ झापा, चन्द्रगाडी बस स्टप, कृषि विकास बैंक अगाडि फोन: ०२३-४५६४२३
- ☛ जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै फोन: ०४१-५२४२४९
- ☛ कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी फोन: ०६१-४६४३९८
- ☛ बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२ फोन: ९८४८०२३५९९, ९८४८०५५८४२
- ☛ सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोन: ०८३-५२०५१०
- ☛ महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोन: ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# महिलाको सम्पत्ति

## सम्बन्धी अधिकार



गर्भपतन भन्नाले गर्भमा रहेको भ्रुण स्वतन्त्र रुपले बाँच्न सक्ने हुनाका लागि समय नपुग्दै आफै गर्भबाट निस्किने अथवा त्यस्तो भ्रूणलाई जानीबुझी गर्भबाट निकाल्ने प्रक्रिया हो। साधारण बोलचालको भाषामा यसलाई गर्भ तुहिएको वा गर्भ तुहाउनु पनि भनिन्छ। हाम्रो देशको कानूनले जानी बुझी गरिने गर्भपतनलाई केही अवस्थामा कानूनी मान्यता दिएकोछ।

## कस्तो अवस्थामा महिलाले गर्भपतन गराउन सक्छन्?

❖ गर्भवती महिलाको मंजुरी भएमा १२ हप्तासम्मको अर्थात् ३ महिनासम्मको गर्भपतन गराउन सकिन्छ।

❖ जबर्जस्ती करणी (बलात्कार) वा हाडनाता करणीबाट गर्भ रहन गएको रहेछ भने १८ हप्तासम्मको अर्थात् साढे चार महिनासम्मको गर्भलाई गर्भपतन गराउन सकिन्छ।

❖ गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्दछ वा निजको शारीरिक वा मानसिक अवस्थामा खतरा पुग्न सक्दछ भन्ने कुरा मान्यता प्राप्त ३ जना चिकित्सकहरुले राय दिएमा गर्भपतन गराउन सकिन्छ।

❖ महिलाको गर्भमा रहेको बच्चा विकलाङ्ग जन्मन्छ भन्ने नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकले राय दिएमा पनि गर्भपतन गराउन सकिन्छ।

## लिङ्ग पहिचान गरेर गर्भपतन गराउनु हुँदैन :

➢ गर्भपतन गराउने उद्देश्यले कसैले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न गराउनु हुँदैन्। त्यस्तो काम गर्ने गराउनेलाई ३ महिनादेखि ६ महिनासम्म कैद हुनेछ।

➢ लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउनेलाई ६ महिनादेखि २ बर्षसम्म कैद सजायँ हुन्छ।

## गर्भवती महिलाको मंजुरी बेगर गर्भपतन गराउनु हुँदैन :

गर्भवती महिलाको मंजुरी भएमा गर्भपतन गराउन सकिन्छ। तर गर्भवती महिलाको मञ्जुरी नभई जबर्जस्ती गर्भपतन गराउन पाईदैंन र हुँदैन।

## कुनै पनि गर्भवती महिलालाई जवर्जस्ती दवावमा पारेर गर्भपतन गराउनु हुँदैन :

यदि यस्तो भएमा तुरुन्तै प्रहरी वा सहयोग गर्ने संघ संस्थामा खबर गर्नोस्।

सधैं याद राख्नोस्–महिला आफूले गर्भपतन गराउन मंजुर नभइन्जेल गर्भपतन गरेमा त्यस्तो जबर्जस्ती गराउनेलाई कारवाही हुन्छ।

## कहिलेसम्ममा गर्भपतनमा उजुर गर्ने?

गर्भपतनमा गर्भ तुहाएको ३ महिनाभित्रमा नालिस उजुर गर्नुपर्दछ, नत्र नालिस उजुर लाग्दैन।

## गर्भपतनमा कहाँ उजुर गर्ने?

यस्तोमा नजिकको प्रहरी चौकीमा उजुर गर्नु पर्दछ।

## कसले उजुर गर्ने?

जवर्जस्ती गर्भपतन गरिएकी पीडित महिला वा जो सुकैले कानूनले तोकेको म्यादभित्र नालिस उजुर गर्न सक्दछ।

कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी भर्गपतन गराउन हुदैन। त्यसरी गर्भपतन गराउनेलाई निम्न सजायँ हुनेछ।

## गर्भपतनमा हुने सजायँहरू :-

❖ कसैले गर्भ तुहाएमा, गर्भ तुहाउने नियतले वा गर्भ तुहिन सक्दछ भन्ने जानीजानी कुनै काम गर्दा गर्भ तुहिन गएमा,

❖ १२ हप्तासम्मको गर्भ भएमा १ वर्षसम्म कैद,

❖ २५ हप्तासम्मको गर्भ भएमा ३ वर्षसम्म कैद,

❖ २५ हप्ताभन्दा बढीको गर्भ भएमा ५ बर्षसम्म कैद सजायँ हुन्छ।

### स्वास्नीमानिस गर्भवती छ भन्ने जानी जानी कसैले रीसइबीले केही गर्दा गर्भपतन भएमा हुने सजायँहरू :-

- ❖ २५ हप्तासम्मको गर्भ तुहिन गएकोमा ३ महिना कैद सजायँ,
- ❖ २५ हप्ता नाघेको गर्भ तुहिएमा ६ महिना कैद सजायँ ।

### स्वास्नी मानिस गर्भवती छ भन्ने कुरा नजानी गरेको रहेछ भने:-

- ❖ २५ हप्तासम्मको गर्भ भए रु ५००/- जरिवाना,
- ❖ २५ हप्ताभन्दा बढीको गर्भ भए रु १०००/- जरिवाना हुन्छ ।

### यो पनि थाहा पाइराख्नोस् :-

- ♦ गर्भपतन विशेष अवस्थामा नगरी नहुने बेलामा मात्रै गर्ने कुरा हो । त्यसैले सकेसम्म गर्भपतन नै नगरौं र गर्ने परेमा सुरक्षित ठाउँमा दक्ष र मान्यता प्राप्त व्यक्तिहरुद्वारामात्रै गरौं ।


Supported by a grant from

KIOS
THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुन: प्रकाशित - (USAID | The Asia Foundation)


LACC

महिला तथा बालबालिकाको संरक्षण र उत्थानका लागि परामर्श, सशक्तिकरण अभियान, सचेतना, सञ्चार प्रवाह र प्रकाश गर्ने मूल उद्देश्य रहेको यस कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)मा महिला माथि हुने कुनै पनि घरेलु हिंसा सम्बन्धी समस्याका कानूनी सहयोग तथा परामर्शका लागि:


**<u>सम्पर्क ठेगाना</u>**

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोन: ५५४३१११, ५५४२९९९, फ्याक्स: ९७७-१-५५५२८१४


ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np


### ल्याक महिला हक हेल्प लाईन

- ☛ झापा, चन्द्रगाडी बस स्टप, कृषि विकास बैंक अगाडि
  फोन: ०२३-४५६४२३
- ☛ जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
  फोन: ०४१-५२४२४९
- ☛ कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
  फोन: ०६१-४६४३९८
- ☛ बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
  फोन: ९८४८०२३५९९, ९८४८०५५८४२
- ☛ सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोन: ०८३-५२०५१०
- ☛ महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोन: ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# गर्भपतन



## घरेलु हिंसा के हो ?

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरुपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्यमाथि गरिने शारिरीक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरु घरेलु हिंसा हुन् ।

## महिला माथि हुने हिंसा भनेको के हो ?

लिङ्गको आधारमा महिला भएकै कारणले महिलामाथि हुने कुनै पनि हिंसाजन्य कार्य वा व्यवहार नै महिलामाथि हुने हिसा हो । .
यस्तो हिंसा श्रीमान् श्रीमती, सासु-बुहारी, आमा-बाबु, दाजु-भाइ, दिदी-बहिनी, नन्द-आमाजु काका-भतिजा, भतिजी जोसुकैको बीचमा हुनसक्दछ ।

लिङ्गको आधारमा महिलामाथि हुने हिंसा विश्वव्यापी समस्याको रुपमा रहेकोछ । महिलामाथि हुने हिंसा कुनै पनि समुदाय, वर्ग, जातजाती धर्म, शिक्षित अशिक्षित, रोजगार बेरोजगार सबैमा रहेको पाइन्छ । घरेलु हिंसाले महिलालाई अल्पकालिन अथवा दिर्घकालिन दुवै प्रकारका असरबाट प्रभावित पार्दछन् । घरेलु हिंसाबाट पीडित महिला विभिन्न प्रकारका शारिरीक, मानसिक, आर्थिक, यौनजन्य हिंसा तथा प्रजनन जस्ता समस्याहरुबाट पीडित हुने गर्दछन् ।

नेपालमा पनि महिलामाथि हुने हिंसाको रुप एकदमै भयावह रहेकोछ । महिलामाथिको हिंसालाई अरु कसैको घरायसी समस्या वा व्यक्तिगत समस्या हो भनेर हामी महत्व दिदैनौ वा सहयोगका लागि अघि सर्दैनौ तर यस्ता वेवास्ताका कारण प्रतिदिन यस्ता हिंसा सहने महिलाको मानव भएर उपभोग गर्ने मानव अधिकार र स्वतन्त्रता गंभीर रुपमा उल्लघन भइरहेको हुन्छ । जसको असर राष्ट्रको विकासमा समेत पर्दछ ।

महिलामाथि हुने घरेलु हिंसाको मुख्य कारण हाम्रो समाजमा परापूर्वकालदेखि जरा गाडेर रहेको पितृसत्तात्मक सोच र महिलाप्रतिको सोच नै हो ।

**हिंसाबाट सबैभन्दा बढी पीडित हुने स्थान महिलाका लागि घर नै हो ।**

## महिलामाथि हुने घरेलु हिंसाका कारणहरू :

महिलामाथि विभिन्न कारणहरुले हिंसा हुने गर्दछ । ती कारणहरुमध्ये केहि महत्वपूर्ण कारणहरु निम्न रहेका छन् ।

- महिला र पुरुष बीचको असमानता
- भेदभावपूर्ण कानुनहरु
- महिला र पुरुष बीचको शक्ति असमानता
- अशिक्षा
- अज्ञानता वा चेतनाको कमी
- गरिबी
- स्वास्थ्य सम्बन्धी समस्या
- आर्थिक रुपमा पुरुष वा परिवारप्रति परनिर्भरता
- महिलाप्रतिको पितृसत्तात्मक सोच
- विभिन्न प्रकारका सांस्कृतिक प्रथा तथा मान्यताहरु
- यौन असन्तुष्टि सम्बन्धी कुराहरुका बारेमा श्रीमान् श्रीमती बीचमा कुराकानी नहुनु
- बाल विवाह, अनमेल विवाह, दाइजोप्रथा, तिलक प्रथा
- महिला आफै हिंसाका बारेमा बोल्न नचाहनु,
- आफूमाथि भइरहेका हिंसाकाबारेमा रिपोर्ट गर्न महिला अग्रसर नहुनु,
- प्रहरी प्रशासनले महिला हिंसा सम्बन्धी रिपोर्टलाई गंभीरतापूर्वक ग्रहण नगर्नु,
- महिला हिंसालाई गंभीरतापूर्वक नलिनु,
- हिंसा सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुनु,

## घरेलु हिंसाले महिलामाथि पार्ने असरहरू :

घरेलु हिंसाले महिलाको जीवनको सबै पक्षलाई प्रभावित पार्दछ । जस्तो : महिलामा आत्म विश्वासको कमी, एक्लो वा असुरक्षित महशुस, हिनताबोध, तनाव, चिडचिडापन, निन्द्रा नलाग्ने, खान मन नलाग्ने, निराशापन, यौनसम्बन्ध राख्न मन नलाग्ने, नराम्रो संगतमा फस्न सक्ने, आर्थिक कमजोरी, सामाजिक रुपमा अग्रसर नहुने, अवसरबाट बंचित, अपराधिक मानसिकताको विकास, स्वतन्त्रतामाथि बंदेज र आत्महत्या गर्ने जस्ता असरहरु देखिन सक्दछ ।

## घरेलु हिंसा सम्बन्धी कानुनी व्यवस्थाहरू :

नेपालको कानुनले घरेलु हिंसालाई दण्डनीय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड सजायको व्यवस्था गरेकोछ । यस्तो घरेलु हिंसा सम्बन्धी कानुनको नाम "घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६" हो । यो ऐन २०६६ साल बैशाख १४ गतेबाट पारित भई लागू भइसकेको छ, भने कसूर र नियमावली २०६७ समेत लागु भइसकेकोछ ।

यस ऐनले कस्तो कस्तो कार्यलाई घरेलु हिंसा मान्ने भनेर स्पष्ट रुपमा लेखेकोछ । जस अनुसार घरेलु हिंसा भन्नाले :
कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारिरिक, मानसिक, यौनजन्य वा आथिर्क यातना दिनुका साथै र गाली गर्ने तथा भावनात्मक चाटे पुऱ्याउने अन्य कुनै पनि कार्यहरु हुन् भनेर उल्लेख गरेको छ ।

## यस ऐन अनुसार घरेलु सम्बन्ध भित्र निम्न सम्बन्धहरू पर्दछन् ।

- वंशज,
- विवाह पछि भएको सम्बन्ध,
- धर्म सन्तानका कारण भएको सम्बन्ध,
- संयुक्त परिवारमा बस्ने सदस्यहरु,
- घरमा कामदारका रुपमा एकै परिवारमा बस्ने जोकोहि व्यक्तिहरु बीचमा भएको वा हुनसक्ने सम्बन्धहरु हुन् ।

यस ऐनले निम्न ४ प्रकारको हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेकोछ ।

१) शारिरीक हिंसा :
अगं भगं ठहन बाहेक, कटुपिट गर्ने, शारिरिक चाटे पटक पुऱ्याउने, थुनामा राख्ने वा शारिरिक चोट पुग्न सक्छ भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने, गराउने कार्य महिलामाथि हुने शारिरीक हिसां हो ।

२) मानसिक हिंसा :
महिलालाई डर, धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने झुठ्ठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने, गराउने कायर्का साथै अरु मानिसको अघि बेइज्जत गर्ने, अनावश्यक शंका गर्ने, सावर्जनिक कार्यमा सहभागी हुन नदिने जस्ता कार्यहरु महिलामाथि हुने मानसिक हिंसा हुन् ।

३) यौनजन्य हिंसा :
महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कायर्हरु महिलामाथि हुने यौनजन्य हिसां हुन् ।

४) आर्थिक हिंसा : नक्सा
महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचबिखन गर्दा महिलाको सहमती नलिनु, आय आजर्न गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्यहरु महिलााथि हुने आर्थिक हिंसा हुन् ।

## घरेलु हिंसाबाट पीडितले यी ४ निकायहरूमा उजुरी दिन सक्नेछ :

१) प्रहरी कार्यालय
२) स्थानीय निकाय (गा.वि.स. /न.पा. /वडा कार्यालय)
३) राष्ट्रिय महिला आयोग
४) अदालत

पीडितले यी ४ निकायमध्ये कुनै एकमा उजरी गर्न सक्नेछ र कुन निकायमा उजुरी गर्ने भन्ने निर्णय हिंसांबाट पीडित व्यक्ति आफैले गर्न सक्नेछ ।

यस्तो उजुरी घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्रमा (स्थानीय निकाय, प्रहरी, राष्ट्रिय महिला आयोग वा अदालतमध्ये कुनै एक निकायमा) उजुरी दिनुपर्दछ ।

यसरी उजुरी परेपछि गा.वि.स. वा नगरपालिका वा प्रहरी कार्यालयले दुबै पक्षको मञ्जुरीमा उजुरी परेको ३० दिनभित्र दुबै पक्षबीच मेलमिलाप गराइदिनु पर्छ। यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकाय (गा.वि.स. वा नगरपालिका) ले उजुर गर्ने व्यक्तिको सहमति भएमा मेलमिलाप गर्ने मयाद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनु पर्छ।

पीडित व्यक्ति अदालत गएमा अदालतले पीडित व्यक्तिको संरक्षण गर्न, बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न, शिष्ट र सभ्य व्यवहार गर्न, गाली बेइज्जति नगर्न, धम्की नदिन, पीडित बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको संचार माध्यमबाट दुःख नदिनु भनी घरेलु हिंसा गर्ने व्यक्तिको नाममा संरक्षणात्मक आदेश जारी गर्न सक्छ।

**घरेलु हिंसा गर्नेलाई निम्न अनुसारको दण्ड सजायको व्यवस्था गरिएको छ ।**

१) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।

२) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कुसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

३) घरेलु हिंसाको कसुरमा पहिले सजायँ पाइसकेको व्यक्तिले पुनः सोहि कसुर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुनेछ ।

४) सार्वजनिक जवाफदेहिको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिमको कसुर गरेमा निजलाई यस ऐनमा व्यवस्था गरिएको दण्ड सजायमा थप दश प्रतिशत सजाय हुनेछ ।

५) कसैले अदालतबाट जारी अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

घरेलु हिंसा सम्बन्धी समस्यालाई समाधान गर्न तपाई पनि सहयोग गर्न सक्नु हुनेछ तर कसरी ?

- आफ्ना घर परिवारमा महिलाको सम्मान गर्नोस् ।
- घरेलु हिंसा र आफूले जानेका यस सम्बन्धी विषयमा खुलेर कुरा गर्नोस् ।
- बोलीचालीमा महिलामाथि होच्याउने, यौनजन्य वा कुनै पनि प्रकारका उखानटुक्काको प्रयोग नगर्नोस् ।
- कसैमाथि घरेलु हिंसा भइरहेकोछ भने त्यसलाई अरुको व्यक्तिगत मामला वा समस्या भनेर नजरअन्दाज नगर्नोस्, हिंसाबाट पीडित महिलाको समस्या सुन्नोस् ।
- आफ्ना वरिपरि कोहि हिंसाबाट पीडित छन् भने हिंसा विरुद्ध बोल्न प्रोत्साहन प्रदान गर्नोस् ।
- महिलामाथि हुने हिंसाका मुख्य कारणमध्येमा एक कारण यौनजन्य समस्या हुनसक्छन्, यस्ता समस्यालाई महिला हत्तपत्त बताउन चाहँदैनन् यदि कोहि यस्तो समस्याबाट पीडित भएको थाहा पाउनु भएमा यस्तो समस्या समाधान हुनसक्दछ, यसका लागि श्रीमान श्रीमतीलाई सम्बन्धित ठाँउ वा अस्पतालमा परामर्श लिन जानका लागि सल्लाह दिनोस् ।


Supported by a grant from KIOS THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

पुनः प्रकाशित - (USAID | The Asia Foundation)


- यदि कसैमाथि बारम्बार घरेलु हिंसा भइरहने गर्दछ भने कानुनी परामर्श वा सहयोग लिन सल्लाह प्रदान गर्नोस् । यसरी कानुनी परामर्श लिदैमा हिंसा गर्ने व्यक्तिलाई कानुनी कारवाही भई हाल्दैन् । कानुनी परामर्श प्रदान गर्ने संघ संस्थाहरुले कानुनी परिस्थिती हेरेर तपाईमाथि हिंसा गर्ने व्यक्ति वा परिवारका सदस्यलाई परामर्श सेवा, मेलमिलाप प्रक्रियाद्वारा सम्बन्ध सुधार्न मद्दत गर्न सक्दछ भन्ने कुरा बताउनोस् ।

**महिलाले आफ्ना अति आवश्यक चिजवस्तुहरु जस्तो नागरिकता, विवाहदर्ताको कागजात, बच्चाको जन्मदर्ता कागजात, केहि नगद, गरगहनाहरु छुट्टै सुरक्षित राख्नोस् । कहि कतै आफुमाथि हिंसा भई घरबाट निस्किन परेमा यी सामानहरु लिएर निस्किन सकियोस्, जसले भोली तपाईलाई कानुनी लडाई लड्न परेमा यी कागजातहरु आवश्यक हुन्छन् ।**

LACC


**सम्पर्क ठेगाना**

**कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)**

**महिला हक हेल्प लाईन**

मानभवन, ललितपुर, पो.ब.नं. ३२१६, काठमाण्डौ, नेपाल ।

फोनः ५५४३१११, ५५४२९९९, फ्याक्सः ९७७-१-५५५२८१४

ईमेल : lacc@wlink.com.np/वेभसाईत : www.lacc.org.np


**ल्याक महिला हक हेल्प लाईन**

- झापा, चन्द्रगडी बस स्टप, कृषि विकास बैंक अगाडि
  फोनः ०२३-४५६४२३
- जनकपुर, उतिनपुर, नेपाल परिवार नियोजन संघ नजिकै
  फोनः ०४१-५२४२४९
- कास्की, पोखरा, टुरिष्ट बसपार्क, अगाडी
  फोनः ०६१-४६४३९८
- बाँके, नेपालगञ्ज, चारबाहिनी रोड, वडा नं. १२
  फोनः ९८४८०२३५९९, ९८४८०५५८४२
- सुर्खेत, विरेन्द्र नगरपालिका वडा नं. ६, बुद्धपथ, पुरानो गुल्म । फोनः ०८३-५२०५१०
- महेन्द्रनगर, कंचनपुर, भिमदत्त नगरपालिका जिल्ला हुलाक कार्यालय संगै । फोनः ०९९-५२५८०३

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**

# महिलामाथि हुने घरेलु हिंसा र यस सम्बन्धी कानुनी व्यवस्थाका बारेमा

## सूचनामूलक

# जानकारी पत्र

